Vol. 10 Issue 2, 62-76 Jul. 2025
ISSN 2382-5103

JOURNAL OF DEVELOPMENT REVIEW

# प्रतिघात उपन्यासको पात्रविधान

डा. विष्णु न्यौपाने

उपप्राध्यापक, त्रिवि, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ, नेपाल
[Email: neupanesmc@gmail.com, ORCID: https://orcid.org/0009-0003-4468-4248]

ARTICLE INFO

*Received date: April 17, 2025*
*Reviewed: May 04 2025*
*Revised: July 10, 2025*
*Accepted: July 30, 2025*

*शब्दकुञ्जी*
*चरित्रवान, देशप्रेमी, मानवतावादी, सङ्घर्षशील, समाजसेवी ।*

**लेखसार**

*प्रस्तुत लेखमा नारद पोखरेलको प्रतिघात (वि.सं. २०७८) उपन्यासलाई पाठका रूपमा लिई त्यस उपन्यासमा प्रयुक्त पात्रहरूको व्यवस्थापनको विश्लेषण र मूल्याङ्कन गरिएको छ । प्रतिघात उपन्यासमा पूर्वी पहाडी सिम्पानी गाउँ आसपासको परिवेशमा हुर्कीबढेको विमलराज र उसको जीवनको आरोहअवरोहमा आइपरेका घटना, ती घटनामा सहभागी पात्रहरू, त्यहाँको परिवेश, उनीहरूको बोलीचाली, संस्कार र संस्कृति तथा उनीहरूको राजनीतिक चेतनाको उतारचढाव जस्ता विभिन्न अवस्थाको प्रस्तुति रहेको छ । प्रस्तुत उपन्यासमा उल्लिखित यिनै विषयहरूको कृतिगत गहन अध्ययन गरी पात्रविधानका आधारमा पात्रको व्यवस्थापनका विविध पक्षको विवेचना र समीक्षा गर्नु यस लेखको उद्देश्य हो । उद्देश्य परिपूर्तिका लागि भरतमुनिको प्रकृतिप्रदत्त शारीरिक अवस्थाका आधारमा पात्र पुरुष, स्त्री र नपुंसकह मोहनराज शर्माको लिङ्गका आधारमा पुरुष, स्त्री र तेस्रो लिङ्गी, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा व्यक्तिगत र वर्गगत, आसन्नताका आधारमा नेपथ्य र मञ्च, आबद्धताका आधारमा बद्ध र मुक्त, जीवनका आधारमा मानवीय र मानवेतरह र विष्णु न्यौपानेको लिङ्ग, कार्य, उमेर, भूमिका, चरित्र विकास, प्रवृत्ति, व्यक्तित्व, शारीरिक अवस्था, भेषभूषा, उपस्थिति, आबद्धता, वैचारिकता, विचार, आर्थिकस्तर, शिक्षा, प्रतिनिधित्व, अभिव्यक्ति, परिवेश, बसोबास, मनोविज्ञान, विषय, रोजगारी र लेखकीय विचारको प्रस्तुतिलाई पात्रविधानको सैद्धान्तिक आधार मानिएको छ । यसै सैद्धान्तिक ढाँचाका आधारमा पाठगत विश्लेषण पद्धतिअनुसार प्रस्तुत उपन्यासको अध्ययन र विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासमा पात्रको व्यवस्थापन समुचित सुसङ्गठन रूपमा भएको छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।*

*© 2025 Journal of Development Review SMC All rights reserved*

## विषयपरिचय

नारद पोखरेलको औपन्यासिक यात्राका क्रममा बत्तिस वर्षको अन्तरालपछि लेखिएको *प्रतिघात* उपन्यास नेपाल स्रष्टा समाजद्वारा वि.सं. २०७८ सालमा प्रकाशित कृति हो । २०३५/३६ सालको सेरोफेरोमा राजनीतिमा होमिएको, अनेक खाले हण्डर र ठक्कर व्यहोरेको भर्भराउँदो युवाको जीवन भोगाइ, २०४६ पछिको विषाक्त राजनीति देखेर विचलित भएको विषयवस्तु उपन्यासमा प्रस्तुत छ । नेताहरूले आफूलाई देखाएका सपनाहरू सम्झेर वर्तमान ऊ आक्रोश ओकल्छ । आफ्नो जवानीको ऊर्जाशील समय व्यर्थै खेरफालेकोमा उसको छाती भुङ्ग्रोमा परेसरी पोलेको छ । विगतको समयमा देशको नवनिर्माणको सपनामा

लागेका जुझारु युवाहरू अहिलको देशको अवस्था देखेर के सोच्छन् तथा के गर्छन् भन्ने विषयवस्तु उपन्यासमा उल्लेखित छ ।

*प्रतिघात* उपन्यास प्रमुख पात्र विमलराज शर्माको जीवन भोगाइको कथा हो । यस उपन्यासमा विमलराजको जीवनीकै रूपमा, उसकै जीवनको वरिपरिका घटनामा औपन्यासिक स्वरूप प्रदान गरिएको छ । त्यसैले यो जीवनीमूलक उपन्यास भएर आएको छ । निष्ठावान् राजनीतिक गर्नेहरू पछाडि परेका तथा अवसरवादीहरू राजनीतिमा अगाडि बढेको प्रवृत्ति उपन्यासमा विवेचित छ । नेपाली राजनीतिमा देखापरेका चुनावका बेला झुठा आस्वासन बाढ्ने, चुनाव जितेर आएपछि त्यसको बेवास्ता गर्ने, बरु उनीहरू नै भ्रष्ट्राचारमा लाग्ने, पार्टीमा चुनावमा टिकट पाउन नेतालाई ब्रिफकेस बुझाउनै पर्ने, कार्यकर्तालाई पैसा बाड्नैपर्ने, मोटरसाइकल किनिदिनै पर्ने, कार्यकर्ताका मुख टाल्न सडकमा लाखौँ बजेट ओछ्याउनैपर्ने, वर्षैपिच्छे बाटो पिच गर्ने बजेट छुट्याउनैपर्ने, आधा खर्च कार्यकर्तालाई बाड्नैपर्ने, वर्षैंपिच्छे बजेट विनियोजन गर्ने तर बाटो जस्ताको तस्तै हुने जस्ता प्रवृत्तिले वर्तमान राजनीति ग्रसित छ । यता निष्ठाको राजनीति तथा आदर्श राजनीति गर्नेले पार्टीमा अवसरै नपाउने प्रवृत्ति देखिएको छ । जीवित छउञ्जेल अवमूल्यन गर्नु, अपमान र तिरस्कार गर्नु अनि मरेर गइसकेपछि गुणगान गाउनु हाम्रो समाजको संस्कार जस्तै बनेको छ । जीवनभर राजनीतिमा लागेको तर कुनै लाभको पद नपाएको विमलराजको जीवनकहानीमा प्रस्तुत उपन्यासको संरचना तयार भएको छ । यस उपन्यासका ती विविध पक्षको गहन अध्ययन गर्नु आवश्यक भएकाले यो अध्ययन आवश्यक भएको छ । त्यसैले प्रस्तुत अध्ययनको शीर्षक *प्रतिघात* उपन्यासको पात्रविधान उपयुक्त, सार्थक र औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका निम्ति निर्धारित उद्देश्य पूरा गर्न पुस्तकालय कार्यबाट नारद पोखरेलको *प्रतिघात* उपन्यासमा प्रयुक्त घटना, पात्र, परिवेश, संवाद, भाषाशैली, उद्देश्य आदि तथ्य र तथ्याङ्कलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरू द्वितीयक सामग्रीको रूपमा सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी *प्रतिघात* उपन्यासमा अन्तर्निहित आख्यानीकरणसम्बद्ध परिघटनाहरूको उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र निगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

उपन्यासमा सहभागीहरू हुन्छन् । यिनले कथानकलाई चलायमान गराउँछन् । तिनैलाई पात्र भनिन्छ । त्यस्ता पात्रको प्रमुख स्रोत भनेको उपन्यासकार आफैँ हो । उपन्यासकारले आफ्नो रचनामा आफू, आफूले भोगेको देखेको स्वभाव र चरित्रको छनौट गर्छ । कतिपय सन्दर्भमा स्व:निर्मित पात्र पनि छनौट गर्न सक्छ । पात्र निर्माणको मूल स्रोत मानव समाज र मानव जीवन हो । उपन्यासका पात्र मान्छे हुन्छन् । कुनै उपन्यासमा मानवेतर पात्र प्रयोग गरिए पनि ती मान्छेजस्तै बनाइएका हुन्छन् । उपन्यासकारले त आफूले चिनेजानेको पात्रलाई मानवीय गुण, स्वभाव र ग्रन्थिहरू प्रदान गरी मानव प्रतिनिधि बनाएको हुन्छ । यसैले उपन्यासका पात्र जिउँदाजाग्दा र आशालाग्दा हुन्छन् कतै जीवितहरू पनि मुर्दाजस्तै निष्क्रिय बनाइएका हुन्छन् तापनि तिनीहरू भूमिकाविहीन भने हुँदैनन् (नेपाल, इ. १९८७, पृ. २२) । इन्द्रबहादुर राई भन्छन्, नचाहिने पात्र उपन्यासमा हुनुहुँदैन तर यस उपन्यासमा त्यस्ता पात्रहरू छन्, उपन्यासमा तिनीहरूको आवश्यकता नै नभए पनि, कारण मैले संसारमा चाहिने मान्छेहरू मात्र छैनन् । जीवनभरिसँगै बसेर पनि हामीलाई कसैले असर पारेन भने त्यो पनि

कथा हो, नहुनुको रोचक पनि कथा हो (राई, २०५८, पृ. भूमिका खण्ड) । उपन्यास मानव जीवनको गम्भीर एवम् व्यापक विश्लेषण हुने रचना भएकाले यसका पात्रहरू सोहीअनुरूप मानव जीवनको गम्भीर अभिव्यक्ति दिने खालका हुनुपर्छ ।

आफ्नो रचनामा कस्ता पात्र उपयोग गर्ने भन्ने पात्र छनौटको स्वतन्त्रता लेखकलाई रहन्छ । आफ्नो योजना, विषयवस्तु र लक्ष्यलाई पाठकसमक्ष पुऱ्याउन सक्ने पात्र उसले छनौट गर्छ । उसले आफूलाई आवश्यक, आफ्नो विचार स्थापित गर्न सक्ने पात्र समाजबाट छनौट गर्ने भएकाले पात्रका बारेमा ऊ जानकार हुन्छ ।

उपन्यासकारलाई आफ्ना रचनाका पात्रको रूप, आकृति, हाउभाउ, स्वर, पात्रप्रति पूर्ण अधिकार रहन्छ । कति र कस्ता पात्र उपयोग गर्ने भन्ने स्वतन्त्रता उपन्यासकारलाई रहन्छ । पात्रप्रति लेखकको पूर्ण अधिकार हुनुपर्छ, पात्रलाई मनोमानी गर्ने अनुमति दिनुहुँदैन (सार्त्रे, इ. १९५०, पृ. १५४) । लेखक आफ्नो विचारको प्रचारका लागि पात्रको जीवनको अस्वभाविक रूप नदिई उसको जीवनको आधारबाटै आफ्नो विचारको रूप दिन चाहन्छ (गणेशन, इ.१९६६, पृ. २७०) । अनुभवी लेखकले आफ्नो विचार पात्रको व्यवहार र क्रियाकलापद्वारा प्रस्फुटित गराएको हुन्छ (पोखेल, २०६४, पृ. ३५) । उपन्यासमा रचनाकारले कुनै एउटा पात्रमार्फत् आफ्नो विचार राख्न लगाएको हुन्छ । उपन्यासमा पात्रले कि स्वयम् उपन्यासकारका बारेमा केही बताएको हुन्छ वा उसको विषयमा दोस्रो कुनै पात्रद्वारा केही भन्न लगाइएको हुन्छ (टन्डन, इ. १९६५, पृ. २० ९) तापनि पात्र लेखकबाट पूर्णतया मुक्त रहनुपर्छ ।

उपन्यासमा पात्र कति र कस्ता प्रयोग गर्ने भन्ने स्वतन्त्रता उपन्यासकारलाई हुन्छ । यो सङ्ख्या निर्धारण विषयवस्तुले पनि गर्दछ । विषयवस्तु सङ्क्षिप्त छ, घटनाहरू थोरै छन् भने त्यस्ता उपन्यासमा थोरै पात्र प्रयोग हुन्छन् भने विषयवस्तु विस्तृत र व्यापक छ, घटनाहरू धेरै छन् भने त्यस्ता उपन्यासमा पात्र धेरै प्रयुक्त हुन्छन् । उपन्यासमा धेरै घटनाहरू हुने हुँदा पात्र सङ्ख्या पनि धेरै हुन्छन् । उपन्यासमा विभिन्न घटनाहरूको एउटा शृङ्खला भएको हुँदा घटनै पिच्छे नयाँनयाँ पात्र देखापर्नु पनि स्वाभाविकै हो । यसर्थ उपन्यासमा पात्र धेरै हुन्छन् (प्रधान, २०४०, पृ. ७३) । उपन्यासमा कति पात्र प्रयोग गर्ने भन्ने कुरा उपन्यासको रुचि, कथावस्तु, लेखकीय व्यक्तित्व आदिले निर्धारण गर्दछ ।

लेखकको व्यक्तित्वको छाप पात्रमा परेको हुन्छ । लेखक आफ्नो कृतिमा कतै न कतै लुकेर बसेको हुन्छ । एउटै पात्रमा ऊ बाँधिएर रहन पनि सक्छ वा विभिन्न पात्रमा बाँधिएर रहन पनि सक्छ । पात्रभित्र लेखक छायावत् रूपमा रहेको हुन्छ । लेखकका व्यक्तिगत, सामाजिक र मानवीय गुण पात्रमार्फत् व्यक्त गराइएको हुन्छ । लेखकले पात्रलाई दिने स्थान लेखकको रुचि, क्षमता र कृतिको उद्देश्यमा निर्भर रहन्छ (शर्मा, २०५३, पृ. ५) । यसरी पात्र भनेको नै लेखकले जीवनभर अनुभव गरेका व्यक्तिहरूको समष्टि रूप हो ।

साहित्यिक कृतिमा पात्रलाई सर्जकले विभिन्न भूमिका निर्वाह गर्न लगाएको हुन्छ । उसको स्थान त्यस कृतिमा कस्तो छ वा उसलाई कृतिमा कस्तो भूमिका निर्वाह गर्न लगाइएको छ यसका आधारमा पात्रलाई विभिन्न भूमिका निर्वाह गर्न लगाइएको हुन्छ । पात्र विश्लेषणको प्रमुख आधार भनेकै रचनाकारले पात्रलाई दिएको कार्यका आधारमा पात्रले खेलेको भूमिका, उसको बोलाइ, उसको विचार, उसको आन्तरिक मनस्थिति, उसका क्रियाकलापहरू हुन् । पात्रद्वारा उपन्यासको कार्यव्यापार सम्पन्न हुने भएकाले आख्यान र आख्यानात्मक रचनामा यिनको विधान सहज र स्वाभाविक तरिकाले गरिनुपर्छ । यसका लागि पात्रका गुण तथा अवगुणहरूको स्वाभाविक प्रस्तुति गर्नुपर्दछ ।

प्रकृतिप्रदत्त शारीरिक अवस्थाका आधारमा पात्र पुरुष, स्त्री र नपुंसक गरी तीन प्रकारका हुने बताइएको

छ (भरतमुनि, २०५४, २४।१) । मोहनराज शर्माका अनुसार कार्यका आधारमा पात्र प्रमुख, सहायक र गौण गरी तीन प्रकारका तथा आबद्धताका आधारमा पात्र बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् (शर्मा, २०६८, पृ. ३२) ।

यसैगरी पात्र उमेरका आधारमा बाल, युवा, प्रौढ र वृद्ध; भूमिकाका आधारमा मानवीय र मानवेतर; चरित्र विकासका आधारमा स्थिर र अस्थिर; प्रवृत्तिका आधारमा सत् र असत्; व्यक्तित्वका आधारमा धार्मिक, यथार्थवादी, काल्पनिक; शारीरिक अवस्था र वेशभूषाका आधारमा सामान्य र विशिष्ट; उपस्थितिका आधारमा मञ्चीय र नेपथ्य; वैचारिकताका आधारमा बौद्धिक र सामान्य; विचारका आधारमा पात्र भौतिकवादी र अध्यात्मवादी; आर्थिक स्तरका आधारमा सम्पन्न र विपन्न; शिक्षाका आधारमा शिक्षित र अशिक्षित, प्रतिनिधित्वका आधारमा वर्गीय र व्यक्तित्व; परिवेशका आधारमा ग्रामीण र सहरिया; विषयका आधारमा सामाजिक, पौराणिक, ऐतिहासिक र काल्पनिक; रोजगारीका आधारमा बेरोजगार, स्वरोजगार र रोजगार खालका हुन्छन् (न्यौपाने, २०७२, पृ.१३१-१३२) ।

यीमध्ये *प्रतिघात* उपन्यासमा पात्रको व्यवस्थापनको अध्ययनका लागि लिङ्ग, कार्य, उमेर, भूमिका, चरित्र विकास, प्रवृत्ति, व्यक्तित्व, शारीरिक अवस्था, भेषभूषा, उपस्थिति, आबद्धता, वैचारिकता र विचारका आधारमा पात्रको चरित्राङ्कन गर्न सकिन्छ । यसैगरी पात्रविधानको सामान्य आधार अर्न्तगत आर्थिकस्तर, शिक्षा, प्रतिनिधित्व, अभिव्यक्ति, परिवेश, बसोबास, मनोविज्ञान, विषय, रोजगारी र लेखकीय विचारको प्रस्तुतिलाई आधार बनाइएको छ ।

## विमर्श र मूल्याङ्कन

*प्रतिघात* उपन्यासको पात्रविधान विषयक प्रस्तुत लेखमा विषयको विमर्श र मूल्याङ्कनका लागि उपन्यासमा प्रयुक्त पात्रहरू र तिनको विधान गरी दुई उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### पात्रहरू

*प्रतिघात* उपन्यासमा प्रमुख भूमिका भएका पात्र, प्रमुख पात्रलाई सघाउन उपयोग गरिएका सहायक पात्र, कुनै एकादुई ठाउँमा मात्र भूमिका निर्वाह गरेका पात्र र विषयवस्तुको चर्चाका क्रममा पात्रको नाम मात्र उच्चारण गरिएका नेपथ्य गरी विभिन्न प्रकारका पात्र प्रयुक्त छन् ।

साहित्यिक कृतिमा प्रमुख भूमिका निर्वाह गर्ने प्रमुख पात्र हुन् । त्यस्ता पात्र मञ्चीय र बद्ध हुन्छन् । कृतिको मूल विषयवस्तु यिनैको वरिपरि घुमेको हुन्छ । *प्रतिघात* उपन्यासका विमलराज शर्मा र गङ्गा प्रमुख पात्र हुन् । साहित्यिक कृतिमा प्रमुख पात्रलाई सहयोग गर्ने पात्र पनि प्रयोग गरिएका हुन्छन् । त्यस्ता पात्रलाई सहायक पात्र भनिन्छ । *प्रतिघात* उपन्यासका कल्पना, कर्णसिंह ठकुरी, गन्जमान, गौरीशङ्कर झा, शिशिर, धनीराम, असिलाल चौधरी, शिवप्रसाद, गोविन्दप्रसाद, ईश्वरादेवी, दिलबहादुर खत्री, दिनानाथ उपाध्याय, अगमसिंह लामा, सपना, रत्नमान बज्रचार्य सहायक पात्र हुन् ।

साहित्यिक कृतिमा प्रमुख र सहायक भूमिकामा रहेका पात्रभन्दा बाहेकका पात्र पनि उपन्यासमा प्रयुक्त हुन्छन् । त्यस्ता पात्र सीमित घटनामा उपस्थित भई सीमित भूमिका निर्वाह गरी बिचैबाट हराएका हुन्छन् । *प्रतिघात* उपन्यासका अमृत, कविता, काकी, कालुमान श्रेष्ठ, कृष्ण, केदार थामी, चन्द्रमान, जीतेन्द्र, टङ्कमणि शर्मा, दामोदर उपाध्याय, दिव्या थापा, देवका, धनवीर परियार, नरबहादुर, पूर्णप्रसाद दाहाल, झङ्गु, रबिन क्षेत्री, रमेश, लक्ष्मी, राजेश, रामप्रसाद क्षेत्री, विष्णुप्रसाद उपाध्याय, सनक प्रधान, सरस्वती, सावरलाल, हरिलाल चौधरी, हस्तबहादुर आदि त्यस्तै खालका पात्र हुन् ।

### पात्रविधान

आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरूको व्यवस्थापनलाई पात्रविधान भनिन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा प्रयोग गरेका पात्रलाई कुन

भूमिकामा, कसरी प्रयोग गर्ने भन्ने कुरा उसको रुचिको कुरा हो तापनि रचनाकार पात्रको चरित्राङ्कनमा तटस्थ बस्नु राम्रो हुन्छ । *प्रतिघात* उपन्यासमा प्रयुक्त पात्रको व्यवस्थापनमा रचनाकार निकै सजग रहेको देखिन्छ ।

### विमलराज शर्मा

विमलराज शर्मा *प्रतिघात* उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ यस उपन्यासको नायक हो । शिवप्रसाद बहिदारको नाति, गोविन्दप्रसादको छोरो ऊ उपन्यासमा समाख्याता भएर आएको छ । धार्मिक स्वभावकी हजुरआमामा रहेको सिलोक हाल्ने, सङगिनी गाउने गुण छोरो विमलमा सरेको पाइन्छ । उसमा अभिनय, गायन र नृत्य कला रहेको थियो ।

विमलको पुख्यौली थलो सिम्पानी हो । ऊ सात-आठ वर्षको हुँदा परिवारैसहित उनीहरू पहाड सिम्पानीबाट बसाइँ सरेर झोराहट आएका थिए । उसले बाल्यकालीन समय र त्यसपछिको धेरै समय त्यही झोराहटमा बिताएको थियो । काठमाडौँ आएपछि चाबेल, मित्रपार्कपछाडि राजु मानान्धरको घरको दोस्रो तलाको ृयाट भाडामा लिएर ऊ बसेको थियो । समयक्रममा ऊ काठमाडौँ बसाइँ सरेको छ ।

विमलको बाल्यकाल चकचके र चुलबुले भएर बितेको देखिन्छ । समयको परिवर्तनसँगै उसमा पनि परिवर्तनका रेखाहरू देखिँदै गए । युवावस्थामा उसमा शालिनता र परिपक्कता देखिएको थियो । ऊ परिवर्तनशील स्वभावको पात्र हो ।

विमलले एसएलसीपछिको शिक्षाका लागि जनकपुर गएको थियो । ऊ पढाइमा निकै अब्बल थियो । मिहिनेती विद्यार्थीका रूपमा पनि ऊ चिनिएको थियो । त्यसैकारण ऊ शिक्षकहरूका नजरमा परेको थियो । “म कौशीमा बसेर भगवत्गीताको नेपाली अनुवाद पढ्न थालेँ । मलाई संस्कृत लेखिएका पुस्तक पढ्न मन लाग्छ तर मेरो संस्कृत कमजोर छ” (पोखरेल, २०७८, पृ. २०४) । ऊ राजनीतिकर्मी र गायक पनि हो । युवा उमेरमा रचना गरेका गीतहरूको सँगालो उसले निकालेको छ ।

विद्यार्थी कालदेखि नै ऊ पार्टीको भातृसङ्गठनमा सक्रिय रूपमा लागेको थियो । पार्टीका विभिन्न कार्यक्रममा पनि उसको सक्रिय सहभागिता हुन्थ्यो । ऊ पार्टी नेताको आँखामा परेको थियो । ऊ विद्यार्थी आन्दोलनमा सहभागी भएको थियो । कतिपय आन्दोलनको नेतृत्व पनि ऊ आफैले गरेको पनि थियो । विद्यार्थी आन्दोलनमा लाग्दा उसले विभिन्न दुःख, हैरानी र सास्ती व्यहोरेको थियो । पञ्चायनी व्यवस्थामा पार्टीहरू प्रतिबन्धित अवस्थामा रहेकाले उनीहरूका भातृसङ्गठन पनि प्रतिबन्धित अवस्थामै थिए । तैपनि विद्यार्थीहरू सरकार र प्रहरीको आँखा छलेर सरकार विरोधी अभियान, जनचेतनाका अभियान तथा विभिन्न कार्यक्रमहरू गरिरहेका हुन्थे । यसै क्रममा ऊ जेल पनि परेको थियो । ऊ पार्टीको बफादार तथा पहरेदार सिपाही हो । ऊ पार्टीको गतिविधिमा पूर्णकालीन भएर लागि परेको थियो । उसले पार्टी र नेतालाई विश्वास गर्थ्यो साथै उनीहरूप्रति उसमा आस्था र भरोसा पनि थियो । त्यसैले नेता भनेका त्याग र समर्पणका प्रतिमूर्ति हुन् भन्ने ऊ ठान्थ्यो ।

विमललाई राजनीतिमा प्रेरित गर्ने हित सिंह, गौरीशङ्कर, गन्जमान आदि थिए । खत्रीकाका र काकीले विमललाई औधी भरोसा गर्दथे । विमलले पनि सपनालाई आफ्नै बहिनीसरह मान्दथ्यो । उसको चेलिबेटी भनेकै सपना थिई । दुई पटक त उसले सपनाबाट भाइटीका लगाएको थियो । सपनाले जीवनमा पाएको हैरानी, दानबहादुर जस्ता दानवको पञ्जामा परी बच्ने उपायको खोजीमा लाग्दा गाउँबाटै पलायन भई आफन्तकोमा बस्नुपरेको घटना थाहा पाएपछि विमल भन्दछ, “गरिब हुनु नै अभिशाप हुन्छ यो देशमा । देश चलाउने मूल नीति अर्थात् राजनीतिले बाटो बिराएपछि समाजमा गरिबी,

निमुखाले बेहोर्नुपर्ने यस्तै हो" (पोखरेल, २०७८, पृ. ५८) । यस्तै व्यवस्थाको अन्त्यका लागि विमलहरू क्रान्तिमा लागेको थियो ।

विमल समाज परिवर्तनको आकाङ्क्षा भएको व्यक्ति हो । समय मिल्नासाथ विमल, गौरीशङ्कर, उमेश, अमृत आदि सामाजिक चेतनाको जागरण अभियान सञ्चालन गर्दै आफूहरूप्रति अभिमत जुटाउने काममा लाग्थ्यो । राज्य व्यवस्थाले जनतामा दिएको दु:ख, सामन्तहरूको शोषण, सर्वसाधारणका दु:खपूर्ण जीवनयापन र उनीहरूको सङ्घर्ष, यिनको मुक्तिको उपाय आदिका बारेमा बहस गर्दथे, योजना बनाउँथे । यिनीहरू समय मिल्नासाथ सामाजिक र राजनीतिक विश्लेषण गरिहाल्थे । उनीहरूले आफू र आफ्नो भन्दा देश र जनताको कुरा गर्थे, चासो लिन्थे । सिराहाको गर्मीमा आत्तिएको देखेपछि उमेशले विमललाई भन्दछ, "तिमी जतिसुकै दु:ख खेपेर भए पनि देश बनाउँछु भनेर हिँडेको मान्छे होइन् ? यति जाबो गर्मी देखेर आत्तिन्छौ, यो पाराले देश कसरी बन्छ" (पोखरेल, २०७८, पृ. ३५) ? यो विमलप्रति गरिएको ठट्टा थियो तापनि विमलको देशविकासको अभियानको सन्दर्भ थियो ।

विमलमा परिवर्तनशील स्वभाव देखिन्छ । उसको राजनीतिक विचार जीवनको उत्तरार्द्धमा आएर परिवर्तन भएको छ । आफूले विश्वास गर्ने नेताले देशका लागि भन्दा आफ्ना लागि मात्र काम गरेको थाहा पाएपछि, देशले जुन रूपमा विकासको गति लिनुपर्थ्यो सो नभएपछि उसमा नेताहरूप्रति वितृष्ण जागेको बुझिन्छ । राजनीतिमा इमान्दारिता हुनुपर्छ भन्ने उसको मान्यता थियो । ऊ आदर्श राजनीतिलाई विश्वास गर्दथ्यो । ऊ क्याम्पस पढाउने मास्टर हो । राजनीतिबाट विश्राम लिई उसले जागिर खान थालेको छ ।

राजनीतिमा लागेको हुनाले विमलले जीवनमा निक्कै दु:ख पाएको देखिन्छ । उसको विवाह हुनु पूर्व नै उसको नाममा प्रहरीले तीनचार ओटा रेडफाइलहरू तयार पारेको थियो । पुरानो व्यवस्था विरोधि, जनजागरण विरुद्ध लागेको ऊमाथि आरोप थियो । जनकपुरको छुरा काण्डपछि हेटौडाहुँदै काठमाडौँ आउँदै गर्दा ऊ थानकोटमा प्रहरीद्वारा समातिई छ महिना जेल परेको थियो । जनकपुरमा भएको झगडामा भएको छुरा काण्ड आक्रोसमा भएको घटना थियो । त्यो विमलको आक्रामक चरित्रको परिणति थियो । त्यति बेला समयको आवेगमा विमलले जोस नियन्त्रण गर्न नसक्दा त्यो दु:खद घटना घटेको थियो । तुरुन्तै निर्णय गर्ने उसको बानीले यो काण्ड हुन पुगेको थियो । कसैको उक्साहटमा लागी ऊ भौतिक आक्रमणमा उत्रिनु गलत थियो । त्यस घटनामा उसले पश्चात्ताप गरेको छ । पछि त्यही शिशिर उसको अभिन्न मर्डिङ वाकको साथी भएको छ । सपनाको विवाहमा गुहेश्वरी जान लाग्दा गौरीघाटमा व्यवस्था विरोधी भनी गुण्डाहरूको आक्रमणमा परी ऊ सख्त घाइते भएको थियो । जोगीको सहयोगमा ऊ बाँचेको थियो । यसरी जीवनमा उसले निकै हण्डर र सास्ती खेप्नुपरेको देखिन्छ ।

विमल असल विचार भएको व्यक्ति हो । ऊ समाजमा जरा गाडेर बसेको जातिगत विभेदको अन्त्य गर्न चाहन्छ । उसले आफ्नो रुमपार्टनरका रूपमा धनवीर परियारलाई छनौट गरेको छ भने ऊ खाना बनाउन सिपालु छ भनेर उसको तारिफ पनि गरेको छ । ऊ निष्ठा र इमान्दारको प्रतिमूर्ति हो ।

विमल मानवतावादी पात्र हो । ऊ अरूका सुखमा रमाउने र दु:खमा दु:खी हुने पात्र हो । धेरै वर्षपछि भेटिएकी कल्पनालाई क्यान्सर लागेको थाहा पाएपछि विमल छागाबाट खसेजस्तो हुन्छ र आफूलाई त्यति माया गर्ने, सहयोग गर्ने कल्पनालाई समस्या पर्दा सहयोग गर्न नपाएको र नसकेकोमा पीडाबोध गरेको छ । ऊ मिलनसार र सहयोगी वपनि छ । शिशिरकी आमा दुघर्टनामा परी घाइते हुँदा उसले अस्पताल लगी उपचार गरिदिएको छ । त्यतिबेला छोरो शिशिर दिल्लीमा थियो भने पति चितवनमा थिए । उनी

बिरामी पनि थिए । विमलले अस्पताल लगी उपचार गरिदिएर शिशिरकी आमाको ज्यान बचाइदिएको थियो । जनचेतना अभियानमा गाउँठाउँमा गई हलो जोत्ने, घाँस काट्ने, दाउरा चिर्ने, भारी बोक्ने जस्ता काम पनि उसले गरेको थियो । आफ्नो अहित चिताउने शिशिर जीवनको उत्तरार्द्धमा उसको अभिन्न साथी बन्न पुगेको छ ।

विमल देशप्रेमी व्यक्ति हो । आफूले दुःख पाएर पनि छोरानातिको मुक्तिका लागि र नेपाल आमाको स्वतन्त्रताको लागि उसले लडेको छ । उसले विदेशमा जानेहरूका लागि भनेको छ, "विदेशमा बसेर पार्टी गतिविधिमा संलग्न हुनुभन्दा स्वदेशमै जेल बस्नु उत्तम लाग्यो" (पोखरेल, २०७८, पृ. ११३) । ऊ समाजबाट भागेर टाढा जान चाहँदैन । उसले आफ्नो पुख्यौली थलो चिनाउनलाई गङ्गालाई लिएर दश दिनसम्म गाउँ घुमेको छ । उसमा मातृभूमिप्रेम छ । आफ्ना गाउँठाउँको विकास, योजनामा उसले चिन्ता र चासो राखेको छ । आफ्नो गाउँ प्राकृतिक सुन्दरतामा, प्राकृतिक स्रोतको भण्डारणमा धनी हुँदाहुँदै पनि आर्थिक रूपमा पिछडिएकोमा उसले चिन्ता व्यक्त गरेको छ, गाउँमा केही गर्न नसकेकोमा दुःख व्यक्त गरेको छ । ऊ मातृभूमिप्रति नतमस्तक छ । "यहाँको माटोको टीका लगाएर मैले जीवनको लक्ष्य निर्धारण गर्नुपर्छ भन्ने धारण आज पनि उस्तै छ" (पोखरेल, २०७८, पृ. २५२) । ऊ देशप्रति समर्पित छ । "त्यतिबेला हामी मारिन पनि सक्थ्यौँ तर मुलुक बन्छ भने म जस्ता केही युवाले मृत्युवरण गर्नु परे हाँसी हाँसी अँगाल्नुपर्छ भन्ने मेरो दृढ अठोट थियो" (पोखरेल, २०७८, पृ. २५२) । उसले देशका लागि आफ्नो जीवन दाउमा लगाएको बुझिन्छ ।

विमल आध्यात्मिक स्वभावको पात्र हो । उसले भनेको छ, "म नास्तिक होइन । यसको अर्थ लम्पसार परेर सबै कुरा भगवान्लाई नै समर्पण गर्ने खालको आस्तिक पनि थिइनँ । सनातनदेखि चलिआएको मूल्यमान्यताको जगेर्ना गर्ने काममा धर्मले पर्याप्त मार्गदर्शन गर्छ भन्ने ठान्छु म । धर्म सत्य हो । अधर्म झुठो र असत्य हो भन्ने मलाई लाग्छ । मनमा पाप नराखी निष्ठापूर्वक गरिने कार्यमा जतिसुकै व्यवधान देखिए पनि आखिर त्यो सफलतातिर पुगी छाड्छ भन्ने मेरो मान्यता रहेको छ" (पोखरेल, २०७८, पृ. २३१) । ऊ मूर्तिपूजामा भन्दा मानवसेवालाई धर्म ठान्ने पात्र हो ।

## गङ्गा

गङ्गा *प्रतिघात* उपन्यासकी प्रमुख नारी पात्र हो, नायिक हो । ऊ विमलकी विवाहिता पत्नी हो । झुम्का माइती भएकी ऊ सत् पात्र हो । ऊ मृदुभाषी, सुसंस्कृत, आकर्षक व्यक्तित्वकी धनी छ । गङ्गा जस्तै लोभ, पाप र असत्यको भेललाई गङ्गाको निष्ठाले पखाल्न सक्ने चरित्र उसमा पाइन्छ । विमलले प्रेमासँग मागेर लगेको दश हजार सामान नकिनी रित्तै फर्किदा पनि आफ्ना चिन्तित पतिलाई सान्त्वना दिँदै उसले भनेकी छ, "तपाईँ जस्तो दुनियाँलाई आडभरोसा दिने मान्से यसरी रून्छन् ...। यस्ता सानातिना घटना जीवनमा आउँछन्, जान्छन्, किन आत्तिएको" (पोखरेल, २०७८, पृ. ८२) । विमल निकै चिन्तित थियो । श्रीमतीले गाली पनि गर्ली भन्ने उसले सोचेको थियो तर श्रीमतीबाट आफूलाई गालीको सट्टा सान्त्वना दिएको पाएपछि विमल भन्दछ, "उनी नामकी मात्र होइन, मन र व्यावहारकी पनि पवित्र गङ्गा नै हुन्" (पोखरेल, २०७८, पृ. ८२) ।

गङ्गा संस्कारयुक्त आदर्श पत्नी हो । विमलले उसका बारेमा भनेको छ, "उनी संस्कारयुक्त आदर्श पत्नी मात्र होइनन्, घर चलाउने कुशल व्यवस्थापक, छोराछोरीका निम्ति सक्षम अभिभावक पनि हुन् । आनीबानी यति राम्रो छ कि टोल समाजले गङ्गाले गरेको कामको प्रशंसा हुने गर्दछ" (पोखरेल, २०७८, पृ. १५२) । ऊ ज्ञान, संस्कार एवम् धैर्यकी प्रतिमूर्ति हो । ऊ कासी र हरिद्वार किनारकी गङ्गा नदी जस्तै पवित्र छ ।

गङ्गा असल गृहिणी हो । उसमा घरको कामको जिम्मेवारी रहेको थियो । उसले आफ्नो घरको अनुशासनलाई ढपक्कै ढाकेर राखेकी छ, कुकुराले आफ्ना चल्लालाई राखे जस्तै । “आमाले दिनुभएको एउटा औँठी छ, त्यसलाई बेच्दा दशबाह्र हजार आउला । त्यसैबाट काम चलाउनुपर्छ” (पोखरेल, २०७८, पृ. ८५) । औँठी बेचेर पनि सामानै नलिई फर्किएको पति विमललाई भन्दछिन्, “हेर” भिजेर मुसो हुनुभएछ, कतै ओत लाग्दा भइहाल्थ्यो नि ! किन दौडिनुपर्थ्यो” (पोखरेल, २०७८, पृ. ९२) । पतिलाई माया गर्ने, सुखमा सुखी हुने र दु:खमा दु:खी हुने प्रवृत्ति उसमा रहेको छ ।

गङ्गा सहनशील नारी हो । घरमा खाने कुरा केही नभएपछि, बाहिर लिन जान पनि ठुलो पानी परिरहेकाले जान सक्ने अवस्था थिएन । त्यस्तैमा अव के गर्ने भनी चिन्तित बनेका बेला उनले पति विमलका अगाडि भन्दछे, “अव पिर नगर्नु हजुरले- कहिलेकाही त्यसै सुत्दा पनि हुन्छ । एक रात त हो” (पोखरेल, २०७८, पृ. ९३) । पतिले पैसा हराएकामा उसले भनेकी छ, “त्यति जाबो पैसा हराएर के हुन्छ ! हाम्रो जीवन त सकिँदैन” (पोखरेल, २०७८, पृ. ८४) । उसले उपन्यासमा एउटा असल नारीको भूमिका निभाएकी छ ।

**कल्पना**

कल्पना *प्रतिघात* उपन्यासकी सहायक नारी पात्र हो । ऊ सहनायिक हो । मूल घर रामेछाप भएकी ऊ दामोदरकी एक मात्र सन्तान हो । विवाहपछिको उसको घर कुपन्डोलमा रहेको थियो । ऊ सङ्गीत र भाषण कलामा निपुण थिई । ऊ असल र गुणी साथी हो । “उसले कसैको नराम्रो सोचेको र उसलाई कसैले नराम्रो भनेको थाहा थिएन” (पोखरेल, २०७८, पृ. १७) । ऊ विमलकी साथी हो, प्रेमिका हो । “त्यो बेला म कल्पनाको प्रेममा थिएँ” (पोखरेल, २०७८, पृ. ८४) । ऊ ब्राह्मण परिवारकी थिई । उसको आत्मबल दह्रो थियो । सानातिना घटनाले हतपती विचलित नहुने उसको स्वभाव थियो । सानातिना घटना उसले हासेरै बिताइदिन्थी ।

कल्पना असाध्यै राम्री थिई । उसको सुन्दरताबारे विमलले भनेको छ, “ठुल्ठुला आँखा, गहुँगोरी, मिलेका दाँत, उज्यालो अनुहार, छिनेको कम्मर, जति हेरे पनि नअघाइने थिइन कल्पना । नाम कल्पना भए पनि कुनै राम्री केटीका बारेमा हामीले गरेको कल्पनाभन्दा विशिष्ट थियो उनको दीप्ति” (पोखरेल, २०७८, पृ. ३४) । कल्पना र विमल गोदावरी घुम्न जाँदाको बेला उसमा देखिएको सुन्दरता बारे उपन्यासमा भनिएको छ, “गहुँगोरो मुहार, गुलाबी ओठ, चम्किला गाला, चिल्लो छाला, लामो सलक्क परेको केश र टम्म मिलेका दन्त लहरले गर्दा अत्यन्तै सुन्दर देखिएकी थिई कल्पना” (पोखरेल, २०७८, पृ. १३७) । उसको बारेमा विमल भन्छ, “मेरो विचारमा ऊ जति राम्री कल्पना थिई, त्यति राम्री केटीहरू यो धर्तीमा विरलै होलान् ।

रूपको हिसाबले पनि, गुणको हिसाबले पनि” (पोखरेल, २०७८, पृ. २९१) । उसको शारीरिक बनाबटका बारेमा भनिएको छ, “अग्लो शरीर, छिनेको कम्मर, लामो केशराशी, गहुँगोरो अनुहार, मुस्काउँदा देखिने मिलेका दाँत” (पोखरेल, २०७८, पृ. २९२) । यति सुन्दर कल्पना जीवनको अन्तिम अवस्थाका रोगको आक्रमणले कुरूप भएकी छ । अस्पतालको बेडमा जीवनको अन्तिम अवस्थासँग सङ्घर्ष गर्दाको अवस्थामा ऊ सिन्को जस्तै पातली, सुकेको बाबियो जस्तै फुङ्ग उडेकी थिई (पोखरेल, २०७८, पृ. ३१५) । विमलहरूले हस्पिटलमा भेट्दा उसको पहिरन थियो, “सेतो सुरुवाल, सेतै रङको कुर्ता, कुर्तामा रातो रङका बुट्टा थिए” (पृ.२ ९१) ।

कल्पना निस्वार्थी, बुद्धिमानी र व्यावहारिक छ । उसको चरित्रका बारेमा उपन्यासमा भनिएको छ, “कल्पना जनकपुरकी गहना हुन् । उनी विलक्षण प्रतिभा भएकी केटी हुन्” (पोखरेल, २०७८, पृ. ६६) ।

ऊ प्रेममा त्यागकी प्रतिमूर्ति हो । उसले आफ्नो जीवन बन्धकमा राखेर विमललाई बचाएकी छ । “प्रेममा समर्पित भइसकेपछि शरीरको आवश्यकता र कामना तुच्छ भइदिँदो रहेछ । देश बनाउने काममा समर्पित हुँदा नारीले यस्तै दुर्दशा भोग्नुपर्दो रहेछ” (पोखरेल, २०७८, पृ. १६९) । ऊ परोपकारी छ । उसले समाजबाट हेला भएकाहरूलाई जम्मा पारेर, इज्जत दिएर राखेकी छ । “समाज र देशका लागि आफू समाप्त भएर पनि मानिसमा जागरण ल्याउन सक्ने आधुनिक नारी हुन् कल्पना” (पोखरेल, २०७८, पृ. ३१६) ।

कल्पना सङ्घर्षशील, पीडादायी जीवनमा बाँचेकी नारी पात्र हो । ऊ आफ्नो दुःख हत्तपत्त बाहिर ननिकाल्ने सहनशील चरित्रकी छ । उसले आफूलाई लागेको रोगबारे विमललाई भनेकी छैन । ऊ रोगी पात्र हो । उसलाई क्यान्सर भएको छ । क्यान्सरका कारण उसको पाठेघर काटेर फाल्नुपरेको छ । विमलको जीवन उसले बर्बाद गर्न चाहेकी छैन । यसैकारण उसले विमललाई सबै कुरा नभनेकी हो । उसले विवेकलाई छोरो मानेर बसेकी छ । उसलाई आफ्नै सन्तानसरह मानेकी छ । ऊ विवेकी, धैर्यशील र दूरदर्शी पनि छ । बाबु खराब भएका कारण उसले निकै दुःख पाएकी छ । बाबु दामोदरले आमा गोमालाई पानी बोक्ने, घर सफा गर्ने, लुगा धुने, खाना पकाउने, भाँडा माझ्ने जस्ता काम मात्र लगाउँथे । कल्पना पनि एक प्रकारको आफ्नै घरको जेलमा थिई ।

कल्पना निडर र निस्वार्थी छ । “विदेशी दाता भनिनेहरूले मलाई सहयोग गर्छौं, पैसा जति चाहिए पनि दिन्छौं, हाम्रो सहयोग लिनुस्, त्यसवापत हाम्रो संस्थाको नाम भनिदिए हुन्छ भनेर धेरै प्रयास गरे, फकाउने चेष्टा गरे तर मैले मानिन । आफ्नै बलबुताबाट काम गर्छु, तपाईहरूको सहयोग चाहिँदैन भनी जबाफ दिएँ । मलाई उनको सहयोग नलिने हो भने जे पनि हुनसक्छ भन्ने धम्कीसमेत दिए । तर म डराइनँ । म मर्न किन डराउनु विमल ? जन्मेपछि हरेक जीवनले एक दिन मर्नु नै छ” (पोखरेल, २०७८, पृ. ३१९-१२०) ।

कल्पना शिक्षित पात्र हो । उसमा संस्कृतको राम्रो ज्ञान छ । “वेदका ऋचासमेत व्याख्या गर्न सक्थी” (पोखरेल, २०७८, पृ. २०५) । ऊ भोजपुरी र मैथिली भाषामा पनि पारङ्गत थिई । उसले अङ्ग्रेजी धारा प्रवाह बोल्न सक्थी । उसको परिवार पनि शिक्षित थियो । कल्पनाका बुबा शिक्षित व्यक्तित्व थिए । उसले राणाको पालामा काशी गएर आचार्यसम्मको अध्ययन गरेका थिए ।

कल्पना बौद्धिक पात्र हो । उसले विमलसँग आदर्श राजनीतिको कुरा गर्थी । जीवनको अन्तिम अवस्थामा उसले विमललाई लेखेको पत्रमा उसको बौद्धिकताको प्रस्तुति रहेको छ । उसले सो पत्रमा आफ्नो विगत साथै आदर्श जीवन, परोपकारी कर्मका बारेमा विमललाई लाग्न आग्रह गरेकी छ ।

कल्पना सानैदेखि भावुक, सकारात्मक परिवर्तनकी पक्षपाती थिई । सकेसम्म राम्रो गर्नुपर्छ भन्ने उसको सोचाइ थियो । दीन, दुःखी, असहायको सेवा गरेर चितवनमा आश्रम खोलेर बसेकी थिई । ऊ परोपकारको काममा लागेकी थिई । कल्पना र उसका साथीहरूले ज्येष्ठ नागरिक स्याहार केन्द्र खोलेका थिए । ऊ दयाकी मूर्ति हो । उसले विमललाई जीवनोपयोगी अर्तीउपदेश दिन्थी । ऊ साहसी युवती पनि हो । उसले आफ्ना भाइहरूलाई माया गरेकी छ, उचित सल्लाह र सुझाव दिएकी छ । उसमा स्मरण शक्ति तेज छ । आमाको सुखका लागि, ऊ बाध्य भई उसको र कर्णसिंहको विवाह भएको थियो ।

### सहायक र अन्य पात्रहरू

काठमाडौंको सम्भ्रान्त परिवारको कर्णसिंह ठकुरी कल्पनाको पति हो । ऊ रोगी पात्र हो । उसमा सुगर, प्रेसर, दमको समस्या छ । घरमै बस्नु, धार्मिक साहित्यिक पुस्तक पढ्नु, गाउँटोलको काममा सहभागी

हुनु उसको दिनचर्या हो । उसले रमासँग पारपाचुके भएको पन्ध्रवर्षपछि कल्पनासँग विवाह गरेको छ । ऊ धन र मन दुवैको धनी छ ।

गन्जमान छलकपट नभएको, प्रष्ट र इमान्दार पात्र हो । अन्याय सहनै नसक्ने, न्यायको निम्ति बलिदान दिन पनि तयार हुने ऊ विमललाई राजनीतिमा लाग्न प्रेरित गर्ने व्यक्ति हो । ऊ नेपाली सेनाको भुपु सैनिक हो । ऊ सहयोगी चरित्रको छ । दानबहादुरले सपनालाई जङ्गलमा एक्लै पारी बलजफत गर्न लागेको बेला अकस्मात आई उसले बचाएको छ । उसले सपनालाई उसको घरमा पुऱ्याई आफूहरूको ज्यानै जाने भएकाले गाउँ छाडी सपनालाई लिई रातमै अनिश्चित यात्रामा सहर पसेको छ । उसको इमान्दारिताका बारेमा उपन्यासमा विमलले भनेको छ, “गन्जमानजी, हाम्रो समूहका इमान्दार र लोकप्रिय नेता हुन्” (पोखरेल, २०७८, पृ. ६८) । ऊ बलियो र सुरो थियो । ऊ, विमल आदि माथि आक्रमण हुँदा उसले लडेर गुन्डाहरूलाई खेदेको थियो । पहाडमा उसको दुई सय रोपनीभन्दा बढी जग्गाजमिन थियो । पुरानो व्यवस्थाले उसको त्यो जग्गा हडपेको थियो । उसको छोरो उपचार नपाएर सुस्त भएको थियो । उसकी पत्नी क्यान्सरले थलिएर मरेकी थिई । ऊ पनि मृगौला पीडित व्यक्ति हो । जीवनभर दलको अनुशासित सिपाही भएर राजनीति गरेको तर घर, परिवार र आफ्नो सधैँ विचल्ली भएको छ । सहयोगका लागि कसैसँग हात नपसार्ने ऊ आदर्शवादी चरित्रको नमुना हो । विमलले सहयोगका लागि पार्टी र सरकारलाई भन्नुपर्छ भन्दा ऊ भन्थ्यो, “बरु मर्छु, भिख माग्दिँन” (पोखरेल, २०७८, पृ. १५६) । ऊ असल चरित्रको सत् पात्र हो ।

गौरीशङ्कर झा रामशङ्करको छोरो हो । सिद्धान्त र आदर्शको प्रतिमूर्ति पात्र हो । चरित्रवान्, निष्ठा र आदर्शका नमुना ऊ विद्वता, क्षमता र जुझारु छ । ऊ लोकप्रिय र चर्चित नेता हो । ऊ क्षमतावान् नेता हो । ऊ शिक्षित पात्र हो । उसले वनारस हिन्दु विश्वविद्यालयबाट एमए, बिएल गरेको छ । । उसले देश र जनताको मुक्तिका लागि आफूलाई दाउमा राखेको छ । उसले विमललाई सही सल्लाह दिन्थ्यो । उसको चरित्रका बारेमा विमल भन्दछ, “गौरीशङ्कर हामी सबैका अभिभावक हुन्” (पोखरेल, २०७८, पृ. ६७) । ऊ विमललाई राजनीतिमा प्रेरित गर्ने अग्रज हो । ऊ विमलको भरोसाको केन्द्र बनेको छ । विमल आफूलाई केही आपत पऱ्यो, ऊ केही समस्यामा पऱ्यो भने त्यसको समाधानको उपायको खोजीमा ऊ गौरीशङ्करकहाँ पुगिहाल्थ्यो । उसले विमललाई आर्थिक सहयोग तथा मनोबल बढाउने काम गरेको छ ।

शिशिर स्वाभिमानी चरित्र भएको पात्र हो । आफ्नै दलको सरकार बन्दा उसलाई मन्त्रीको अफर आएको थियो । पदका लागि मरिहत्ते नहाल्ने ऊ मन्त्री हुन मानेन । देश र जनताका लागि काम गर्न पदमै पुग्नुपर्छ भन्ने कुराको ऊ विरोधी थियो । विद्यार्थी कालका जनकपुर काण्डमा विमल र शिशिर नमिल्ने भए पनि पछि निकट मित्र भएका छन् । उनीहरू मर्निङवाक र सुखदु:ख साटासाट गर्ने साथी, एकअर्काको दु:खसुख बिसाउने चौतारी भएका छन् । उनीहरूको राजनीतिक विचार अलग भए पनि कार्यगत एकता तथा भावनामा एक छन् । राजनीतिमा चैते प्रवृत्ति हाबी भएकोले पछिल्ला दिनमा उसमा राजनीतिक वितृष्ण जागेको देखिन्छ । आदर्श राजनीतिले ठाउँ नपाएको गुनासो उसमा रहेको छ । साहित्य सिर्जनामा पनि ऊ लागेको बुझिन्छ । उसले आफ्ना लेखमार्फत समाजसुधार र जनचेतना फैलाउने काम गरेको छ । ऊ स्पष्टवादी छ । “ऊ जे बोल्छ, प्रष्ट बोल्छ । असम्भव कुरा गर्दैन । बेमौसमको तर्क न गर्छ न अरूले गरेको मन पराउँछ” (पोखरेल, २०७८, पृ. २०३) । ऊ वामपन्थी राजनीतिमा लागेको दलको पूर्णकालीन कार्यकर्ता हो । यसैका कारण उसले अध्ययन र अध्यापन कार्य छाडेको छ । उसको विचार छ, “जुन मार्गमा सत्य हुन्छ, त्यही बाटोमा जीवनयात्रा अघि बढाउन सक्दा लक्ष्य टाढा

हुँदैन । त्यहाँ शत्रुता हराएर जान्छ । सदैव मित्रवत् व्यवहार आइदिन्छ" (२३२) ।

धनीराम विमलको बुढेसकालमा मर्निङवाक गर्ने साथी हो । ऊ क्रान्तिकारी पार्टीमा लागेको छ । दाङ हान्दा उसलाई चोट लागेको थियो धन्न बाँच्यो । घुँडामुनी पिंडुला पछिल्तिर गोली लागेको खत लगेको प्रष्ट देखिन्छ । दाहिने पातोमा समेत छर्राको निसान छ । ऊ देश र जनताको मुक्तिका लागि लडेको एक योद्धा हो । ऊ भन्दछ, "ईश्वर मान्ने र नमान्ने आस्थाको कुरा हो । धर्म भनेको आस्था हो । अनुशासन हो । जसको सोझो सम्बन्ध नैतिकतासँग जोडिएको छ । धर्मले नै नैतिक जग खडा गर्छ । धर्म र ईश्वरको उदाहरणले मानिसमा खराब र असल बिच फरक छुट्याएर सोही अनुकूल व्यावहार गर्न सजिलो हुन्छ" (२०१-२०२) । ऊ प्रष्ट र निर्भिक चरित्रको छ ।

असिलाल चौधरी विमलको राजनीतिक समूहको केन्द्रीय नेता हो । मन, वचन र कर्मले ऊ पार्टीमा लागेको छ । पूर्वी तराईमा उसको राम्रो रवाफ रहेको छ । ऊ धनाढ्य व्यक्ति हो । उसले नेतालाई तन, मन र धनले सहयोग गरेको छ । ऊ धनी र दिलदार दुवै छ । विमलको गाउँ झोराहाटभन्दा सात किलोमिटर उत्तर हरैंचामा उसको मूलघर रहेको छ । ऊ आर्थिक रूपमा सम्पन्न भए पनि सेवाभाव भएको व्यक्ति हो । पञ्चायती व्यवस्थाले मन्त्रीको लोभ देखाउँदा पनि ऊ त्यस लोभमा फसेको छैन । ऊ दु:खीमाथि सेवा गर्ने समाजसेवी, मानवतावादी चरित्रको छ । ऊ चर्चित, लोकप्रिय, इज्जत गर्न लायक नेता हो । गाउँको विकास निर्माणमा ऊ सधैं अगाडि सर्छ । बाटो, धारा, कुवा, स्कुल, कलेज निर्माणमा सहयोग गर्ने तथा आफै खट्ने ऊ समाजसेवी हो ।

शिवप्रसाद विमलका हजुरबुबा हो । ऊ राणशासन कालमा बहिदार पदमा जागिरे थियो । परोपकारी उसले गाउँमा बिना पारिश्रमिक काम गरिदिन्थ्यो। ऊ असल र समाजसेवी व्यक्तित्व हो ।

गोविन्दप्रसाद विमलका बुबा हो । उसको पहाड घर सिम्पानी हो । परिवारैसहित बसाइँ सरेर उनीहरू झोराहाट आएका थिए । उसले दिनरात दु:ख गरेर विमललाई हुर्काएको थियो । कुनै नोकरी नभएको ऊ खेतीकिसानीमै सीमित थियो । खेतबारीमा उब्जनी गर्नु, परिवार पाल्नु उसको एक मात्र दायित्व थियो । जीवनभर कर्म गरेको उसले छोराका लागि राम्रो वातावरण दिएको थियो त्यसैले ऊ असल अभिभावक, असल पिता हो । उसको चरित्रबारे असिलालले भनेको छ, "तपाईको बुबा जस्तो जुझारु मान्छे कमै हुन्छन् । उहाँ कर्मशील मात्र होइन, इमान जमान पक्का भएको बहादुर मानिस हो" (पोखरेल, २०७८, पृ. १७४) । कर्मशील जीवन भएका ऊ निष्ठा र इमान्दारीको नमुना हो ।

ईश्वरादेवी विमलकी आमा हो । ऊ कसैको दु:ख देख्नै सक्दिनथी । दसैं मान्न जोगाएर राखेको पैसा पनि झङ्कु मुसहरकी स्वास्नीको अप्रेसनमा सबै खर्च गरेकी थिई । ऊ परोपकारी, सेवा भावकी असल पात्र हो । उसले कानको गहना फुकालेर बेची गाउँमा बन्दै गरेको अस्पतालका लागि दिएकी थिई ।

खत्रीकाका गरिब पात्र हो । "बाँसका भाटा डोरीले बाँधेर खत्रीकाकाले बनाएको टाढ थियो" (पोखरेल, २०७८, पृ. ४३) । ऊ मिहिनेती थियो । "खत्रीकाका गरिब भए पनि परिश्रमी थियो । ऊ कहिले बाँसको चोया काँढेर नाङ्लो बनाउँथ्यो, कहिले सामन्तहरूको भारी बोकेर अतिरिक्त रकम आर्जन गर्थ्यो" (पोखरेल, २०७८, पृ. ४१) । गन्जमानलाई लुकाएको निहुँमा रणबहादुरले तिघ्रा र पिँडुलामा कुटेको थियो । महिना दिनसम्म ओछ्यानमा परेको थियो ।

दिनानाथ उपाध्याय कल्पनाका हजुबा हो । ऊ रामेछाप सेरोफेरो पहाडी जिल्लामा नाम चलेको व्यक्ति हो । ऊ धन र मन दुवै भएको असल व्यक्ति हो । उसको खेतबारी, वस्तुभाउ प्रशस्तै थियो । ऊ शिक्षित पात्र हो । राणाको पालामा काशी गएर आचार्यसम्मको अध्ययन गरेको थियो । ऊ भन्दथ्यो, "सत्य वचन

बोल्नु, त्याग र निष्ठामा रहनु नै जीवन हो । अघाएको लाई मिष्ठान खुबाउनुभन्दा भोकाएकालाई पेटभरि खानदिनु धर्म हो । नदेखिने विभिन्न प्रतीकहरू पुजेको भन्दा देखिने गरिब, दु:खीको सेवा देखेर ईश्वर खुसी हुन्छन् भन्ने यिनको मान्यता थियो" (पोखरेल, २०७८, पृ. २०५) । उसले धनभन्दा परोपकारलाई बढी महत्त्व दिन्थ्यो । उसले भगवत् पुराण तथा अन्य शास्त्रीय प्रवचन दिन्थ्यो । ऊ समाजसेवी र धार्मिक अभियान्ता पनि हो । "वरपिपल रोप्नु, ठाउँ ठाउँमा चौतारो बनाउनु, खानेपानी धारा कुवा निर्माण गर्नु यिनको शोख थियो" (पोखरेल, २०७८, पृ. २०६) । राणाको समयमा अक्षयकोष खडा गरी गरिबका छोराछोरीले पढ्न पाउन भनेर विद्यालय खोलेको थियो । अक्षयकोषको आम्दानीले शिक्षकलाई समेत केही सहयोग गरेको थियो ।

सिम्पानी पुर्ख्यौँली घर र काठमाडौँमा पनि घर भएका अगमसिंह लामा सिम्पानीमा कपडा र किराना पसल भएको एक व्यापारी हो । ऊ रणबहादुरको सहयोगी व्यक्ति हो तर रणबहादुरको खराब प्रवृत्तिका कारण उसलाई र राजनीति नै चटक्कै छाडेको छ । ऊ र विमल शिवरात्रीमा पशुपति दर्शनका लागि गएका छन् । इमान्दार, सिधा, सरल, पढेलेखेको, भित्रको बाठो, विस्तारै बोल्ने, बोलेपछि मानिसलाई सोच्न बाध्य बनाउने, भद्र उसका चारित्रिक विशेषताहरू हुन् ।

सपना खत्रीकाकाकी छोरी हो । "अठार वर्ष पुगेकी, लरक्क परेकी, गहुँगोरी, सुन्दर अनुहार, आकर्षक जिउडाल र रूपरङ देखेर जोसुकै लोभिन्थे" (पोखरेल, २०७८, पृ. ४१) । भर्खर एसएलसी परीक्षा उत्तीर्ण गरेकी थिई । आवाज मिठो थियो । उसले गीत गाउँथी । जनकपुर काण्डपछि ऊ गन्जमान काकाकी साली देवकोटाको घरमा लुकेर बसेकी थिई । ऊ र हरिको प्रेम थियो पछि प्रेम विवाह पनि भयो । उसले बुझकी पात्रका रूपमा उपन्यासमा भूमिका निर्वाह गरेकी छ ।

तराईको मधेसी परिवारको क्षेत्री हरिलाल चौधरी ठुलो नाम चलेको परिवारको, पढेलेखेको, लायकको केटो थियो । ऊ विमलको साथी हो । ऊ सपनाको मायाप्रेममा थियो । पछि उनीहरूको विवाह पनि भयो । उसले सपनासँग अन्तर्जातीय विवाह गरी समाज रूपान्तरण नमुन प्रदर्शन गरेको थियो । ऊ जनकपुर क्याम्पसमा भएको आक्रमणमा घाइते भएको थियो । सिकिस्त बिरामी भएको उसको वीर अस्पतालमा उपचार भइरहेको थियो । पछि उसको मृत्यु भयो । अकालमै मारिएको, देश र जनताको मुक्तिका लागि लडेको ऊ सहिद हो ।

रत्नमान बज्रचार्य पुरानो बानेश्वरका नाम चलेको वाँडा हो । उसलाई सबैले रत्नमान साहु भन्थे । उसले वर्षौँदेखि सुनको कारोबार गर्दै आएको थियो । टाढा टाढाबाट उनीकहाँ सुनको कामका लागि मानिसहरू आउथे (पोखरेल, २०७८, पृ. ८८) । ऊ असल चरित्र भएको व्यक्ति हो । विमल आफ्नो घरायसी प्रयोजनका लागि औँठी लिएर बेच्न आउँदा उसलाई सल्लाह दिँदै भन्दछ, "यति राम्रो औँठी नबेच्नुस् विमल सर । पैसा चाहियो भने लिएर जानुहोस् पछि फिर्ता गर्नुहोला" (पोखरेल, २०७८, पृ. ९१) । ऊ सहयोगी स्वभावका सत् पात्र हो ।

टङ्कमणि शर्मा दोस्रो संविधान सभाको चुनावमा पार्टीले अन्तर्घात गरी टिकट नदिएपछि बागी उमेद्वारका रूपमा चुनावमा उठेको व्यक्ति हो । ऊ रणबहादुर प्रतिस्पर्धी व्यक्ति हो । पैसाका अगाडि प्रतिष्ठा र निष्ठाले जित्न नसक्ने उदाहरण स्वरूप उसले रणबहादुरसँग चुनावमा हार खाएको छ । स्थानीय तहबाट एक नम्बरमा उसको नाम सिफारिस गरिएको थियो । पार्टी सभापतिले उसको नाम हटाएर रणबहादुरलाई टिकट दिएको थियो । ऊ असल राजनीतिज्ञ हो ।

तनहुँ निवासी धनवीर परियार विमलको मिल्ने साथी र रुमपार्टनर हो । ऊ जिज्ञासु स्वभावको छ । उसको तनहुँमा सय रोपनी जग्गा थियो ।

योमध्ये दश रोपनी जग्गामा रुखविरुवा रोपेर पार्क बनाएको थियो । पार्टीका इमान्दार र वफादार नेता विष्णुप्रसादको सम्मानमा त्यो पार्क बनाएको थियो त्यसैले त्यस पार्कको नाम नै विष्णुप्रसाद राखेको थियो । यही निहुँमा तत्कालीन सरकारले उसलाई जेल हालेको थियो । यतिबेला ऊ लगातार चार वर्ष पोखरा जेलमा थुनिएको थियो । ऊ होनाहार युवा नेता हो ।

रणबहादुर असत् पात्र हो । उसले खत्रीकाकामाथि अन्याय गरेको, विमलमाथि षडयन्त्र गरेको छ । धनीमानी काजी खलकमा उसको जन्म भएको थियो । ऊ सिम्पानीको अघोषित राजा नै थियो (पोखरेल, २०७८, पृ. ४०) । उसको बोली नै कानुन हुन्थ्यो । ऊ सामन्तवादको अवशेष हो । उसले गाउँलेहरूलाई निकै दु:ख दिएको थियो । उसको बसाइँ काठमाडौँमा थियो भने राजनीति पहाडबाट गर्थ्यो । २०७० मङ्सिर ४ को दोस्रो संविधान सभा चुनावमा ऊ पछिल्लोपटक सिम्पानी गएको थियो । ऊ पुरानो व्यवस्थाको पालादेखि नै प्रभावशाली व्यक्ति थियो । साम, दाम, दण्ड, भेद नीति अवलम्बन गरी उसले चुनाव जित्न सक्ने भएकाले पार्टीले उसलाई टिकट दिएको थियो । चुनावका बेला उनले सुबेदार कर्ण राई, अगमसिंह लामालाई जर्सी घोडा किनिदिएको थियो ।

रणबहादुर पञ्चायतकालमा तीन पटक, बहुदल आएपछि दुई पटक, गणतन्त्र आएपछि एक पटक मन्त्री भएको थियो । अझै पटक पटक ऊ मन्त्री हुने सम्भावना छ किनभने ऊसँग निष्ठाको राजनीति नभए पनि पैसा छ, नेता उसका नजिक छन् । जिल्लाबाट चुनावका लागि टिकटको सिफारिसमा नपरेका भए पनि पहुँचका आधारमा उसले टिकट पाएका थियो । कयौँ आदर्शवादी, त्यागी, पार्टीमा लागेका र काम गरेका नेतालाई पछाडि पार्दै उसले सिधैं पार्टी सभापतिको खल्तीबाट टिकट पाएको थियो । उसका बलबहादुर र धनबहादुर जस्ता बलियाबाङ्गा नोकरचाकर थिए । जिल्लादेखि केन्द्रसम्म उसको पहुँच थियो । जीवनको उत्तरार्द्धमा भने उसले छोरो दानबहादुर गुमाएपछि नातिनातिना हेरेर दिन कटाएको छ । ऊ शाकाहारी भएको छ । ऊ अध्यात्मतर्फ लागेको छ । सादा जीवन उच्च विचार बारे प्रवचन दिँदै हिड्ने गरेको छ । उसमा परिवर्तनशील प्रवृत्ति पाइन्छ ।

दिलबहादुर असत् पात्र हो । धनीमानी काजी खलकमा उसको जन्म भएको थियो । ऊ रणबहादुरको भाइ हो । उसले काठमाडौँमा म्यानपावर सञ्चालन गरेको छ । पार्टी सभापतिकी पत्नीसँग उनको घनिष्ट सम्बन्ध छ । उसले पार्टी सभापति पन्तीलाई बेला बेलामा करोड करोडका बिफकेस बुझाउने गर्दछ । यसैवापत उसले छिट्टै राजदूत नियुक्त हुने करिब पक्का भएको छ ।

दानबहादुर असत् पात्र हो । ऊ रणबहादुरको छोरो हो ।  काठमाडौँमा इन्जिनियरिङ पढेको भए पनि उसले पढाइ बिचमै छाडेको छ । सुर्खेतकी केटीसँग उसले विवाह गरेको थियो । उसले एउटा छोरो पाएको थियो तर उसको स्वभावले गर्दा घरवार बिगारेको थियो । उसको खराब आचरणका कारण घरबार लथालिङ्ग भएको छ । दानबहादुरकी स्वास्नी उससँग आजित भई माइत बस्न थालेकी थिई । उनीहरू अघोषित सम्बन्ध विच्छेद भएको थियो । ऊ रवाफिलो मिजासको थियो । सधैँ जाड, रक्सीमा मस्त हुन्थ्यो । घरमा सफाइको काम गर्ने कवितासँग लपपस भएको थियो । कविताका तीन छोरामध्ये माहिलो छोराको अनुहार दानबहादुरसँग मिल्थ्यो । “दुई वर्ष अघि बलत्कारको बात लागेर प्रहरी हिरासतमा परेको थियो, बाबु रणबहादुरले शक्ति लगाएर पन्ध्र दिनमै छुटाएको थियो” (पोखरेल, २०७८, पृ. ४४) । ऊ अर्को विवाहका लागि सपनालाई माग्न सपनाको घरमा जान्छ । सपनाले नमानेपछि उसलाई आफ्नो बनाउन फकाउने, धम्क्याउने गर्दछ । यति गर्दा पनि नमानेपछि सपनालाई बलजफती गर्ने योजनामा

ऊ अघि सरेको थियो । अन्त्यमा एचआइभी पोजेटिभ भएर ऊ मर्दछ ।

पदम अधिकारी असत् पात्र हो । सिम्पानीबाट दिक्तेल जाँदै गर्दा विमल, गन्जमान, लेखनाथ वान्तवा माथि उसकै नेतृत्वमा हातपात भएको थियो । उसको मन्त्री पद खोसिएको छ । ऊ उमेरमा विमलभन्दा कान्छो थियो । उसले सिम्पानीलाई नै आधारभूमि बनाएर राजनीति गर्थ्यो । प्रजातन्त्रपूर्व ऊ तत्कालीन व्यवस्थाको विद्यार्थी नेता हो । “हिजोको लदुवा । प्रजातन्त्रपछि नेता बनेको । चैते । पार्टी नेतालाई नोठ बुझायो, मन्त्री खायो” (पोखरेल, २०७८, पृ. ९७) । ऊ चैते राजनीति गर्ने अवसरवादी व्यक्ति हो ।

हित सिंह विमलको साथी हो । पार्टीमा माथिसम्मै पहुँच भएको व्यक्ति हो । सरकारी ओहोदाका सँग धेरै उठबस थियो । उसले विमललाई राजनीतिमा लाग्न प्रेरित गरेको थियो । ऊ खराब चरित्रको असत् पात्र हो । ऊ कपटी छ । उसले नै कल्पनालाई फसाएको थियो । उसले बाहिर सहयोग गरे जस्तो गर्ने तर विमललाई सिध्याउन लागेको थियो । विमललाई अस्पतालमा भेट्न आएको तर यो बनावटी खालको मात्र मित्र सहयोग थियो । विमलको अहित गर्ने ऊ खराब आचरणको पात्र हो । स्वार्थी, षडयन्त्रकारी र पापी छ । “दलभित्रको नेता भए पनि फटाहा थियो” (पृ.२७३) । उसकै सुराकी र योजनामा विमल थानकोटमा प्रक्रिएको थियो । ऊ सम्पन्नशाली छ । विमलका लागि लागेको अस्पतालको खर्च आफूले सबै मिलाउने उसले बताएको छ (पोखरेल, २०७८, पृ. ३२) । हेपाटाइटिस बि रोगले ऊ मरेको छ । ऊ मरेपछि उसको लास उठाउन पनि कोही गएका छैनन् ।

दामोदर उपाध्याय दिनानाथको छोरो तथा कल्पनाको बाबु हो । पञ्चायती व्यवस्थाको नेता भएको र धनी बाउको छोरो भएकाले ऊ धनले मात्तिएको तथा सुखले पात्तिएको थियो । लागुऔषध, मूर्तिचोरी, विदेशी मुद्राको अवैध कारोबार, सुन तस्करी जस्ता धन्दामा ऊ संलग्न रहेको थियो । त्यसैको परिणति स्वरूप ऊ तस्करी काण्डमा जेल परेको थियो । उसले आफ्नै पिताले जोडिदिएको सम्पत्ति पनि उचित संरक्षण गर्न सकेको देखिँदैन । ऊ पथभ्रष्ट व्यक्ति हो । घरमा दुई पत्नी हुँदाहुँदै पनि उसमा सुरा र सुन्दरीप्रति सदाबहार आशक्त थियो । उसले पत्नी गोमामाथि अत्याचार गरेको थियो । उसले पत्नी गोमालाई मानसिक र शारीरिक यातना दिएको, घरको काममा लदाएको थियो । ऊ नीच र पापी चरित्रको छ । साझ पऱ्यो कि घरमा जाँडरक्सीको भोजभतेर गर्ने उसको प्रवृत्ति छ । उसमा मानवता कत्ति पनि देखिँदैन । गोमा चिप्लिएर बरडामा लड्दा उसले उल्टै ढङ्ग छैन, बरन्डा जुठो भयो भन्दै कोर्रा हानेको थियो । चोटमाथि चोट थप्ने उसमा दानवीय चरित्र देखिन्छ ।

## निष्कर्ष

*प्रतिघात* उपन्यास बृहत् आकारको भएकाले उपन्यासमा धेरै पात्र प्रयोग गरिएका छन् । प्रमुख पात्र, सहायक पात्र र गौण गरी तीनै खालका पात्र उपन्यासमा प्रयुक्त छन् । प्रमुख पात्र विमलराज र उसको जीवनका सहयोग गर्ने व्यक्ति, उसलाई असहयोग गर्ने व्यक्ति पात्रका रूपमा आएका देखिन्छन् । प्रमुख पात्र विमल वरिपरि कथानक घुमेको छ । खण्ड खण्डमा सीमित पात्रको सङ्क्षिप्त परिचय र उनीहरूको सङ्क्षिप्त चरित्राङ्कन गरिएको छ । उपन्यासमा सत् चरित्रका आदर्श राजनीति प्रस्तुत गर्ने पात्रदेखि खराब प्रवृत्तिका राजनीतिकर्मी पनि उपन्यासमा उपस्थित छन् । रणबहादुर, दिलबहादुर, दानबहादुर, पदम अधिकारी, हित सिंह, दामोदर उपाध्याय खराब चरित्रका असत् पात्र हुन् । यिनीहरू खराब विचार बोकेका, समाजमा विकृति निम्त्याउने, समाजमा नकारात्मक सन्देश बोकेर उनीहरू अगाडि बढेका छन् ।

*प्रतिघात* उपन्यासका नारी पात्र भने कमजोर छन् । कतिपय पात्र घरधन्दामै सीमित छन् भने कल्पना र

सपना जस्ता पात्र सामाजिक रूपान्तरणमा उत्कृष्ट भूमिका निर्वाह गरे पनि लुकेर बस्नुपर्ने तथा रोगको सिकार भएको देखाइएको छ । सपना जस्ता जुधारु नारीको कथा जीवन्त बनेर उपन्यासमा आउन सकेको छैन । पात्र सङ्ख्या धेरै भएकाले पात्रको विस्तृत चरित्राङ्कनमा भन्दा घटना विशेषमा उपस्थित पात्रको छोटो समयका लागि उपस्थित गराई सानो भूमिका निर्वाह गराइएको छ । त्यसपछि उनीहरू त्यही लोप भएका छन् । उपन्यासमा प्रयुक्त विदेशी पात्रहरू जिया उल हक (पाकिस्तानका सैनिक शासक), जुल्फिकर अली भुट्टो (पाकिस्तानका प्रधानमन्त्री, सैनिक शासक जिया उल हकले यिनलाई फाँसी दिएका थिए), हिटलर, रोबर्टटी कियोसाकी, स्यारोन एल लेक्टर, हेनरी डेभिड थोरो, वाल्ट सिड्नी, एक जोडी अमेरिकन पनि प्रयुक्त छन् । समग्रमा नेपाली राजनीतिमा बढ्दै गएको खराब प्रवृत्ति र संस्कार प्रस्तुत गरी त्यसको सुधारको अपेक्षा राखेको तथा राजनीतिक इमानदारिताको प्रदर्शन गर्ने पात्रको विजय तथा खराब प्रवृत्तिका पात्रको पतन तथा परिवर्तन भएको देखाइएको प्रस्तुत उपन्यास औपन्यासिक उपकरणहरूको समुचित प्रयोग गरिएको, समाजलाई सही बाटोतिर डोहोऱ्याउने, सत् मार्गतिर लाग्न प्रेरित गर्ने, असल सन्देश दिने उत्कृष्ट उपन्यासका रूपमा आफूलाई उभ्याएको छ ।

## सन्दर्भ सामग्रीसूची


गणेशन, एस एन (इ. १९६६), *हिन्दी उपन्यास साहित्यका अध्ययन,* दिल्ली : हिन्दी राजपाल एन्ड सन्ज ।

टन्डन, प्रतापनारायण (इ. १९६५), *हिन्दी उपन्यास कला,* लखनऊ : हिन्दी समिति सूचना विभाग ।

पोखरेल, नारद (२०७८), *प्रतिघात,* काठमाडौँ : नेपाल स्रष्टा समाज ।

पोखेल, भोलानाथ (२०६४), *आधुनिक नेपाली सामाजिक यथार्थवादी उपन्यासको पात्रविधान,* विद्यावारिधि शोधप्रबन्ध, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,* दार्जिलिङ : दीपा प्रकाशन ।

भरतमुनि, (२०५४), *नाट्यशास्त्र,* सुधाकर मालवीय (सम्पा. एवं व्याख्याकार), वाराणसी : कृष्णदास अकादमी ।

नेपाल, घनश्याम (इ. १९८७), *आख्यानका कुरा,* सिलगढी : नेपाली साहित्य प्रचार समिति ।

न्यौपाने, विष्णु (२०७२), *पौरस्त्य पात्रविधान र विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास,* विद्यावारिधि शोधप्रबन्ध, दाङ : नेपाल संस्कृत विश्वविद्यालय ।

राई, इन्द्रबहादुर (२०५८), *नेपाली उपन्यासका आधारहरू,* तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०६८), पात्रविधान वा चरित्रचित्रण : पुर्नविमर्श, *समकालीन साहित्य,* (अङ्क ३, पूर्णाङ्क ६५, साउन-कार्तिक), पृ. ३१- ३९ ।

शर्मा, शारदा (२०५३), *विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र,* काठमाडौँ : रूमु प्रकाशन ।

सार्त्र, जिन पोल (इ. १९५०), *ह्वाट इज लिट्रेचर,* लन्डन : मेथुएन एन्ड कम्पनी ।